(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिम सार्वजनिक गरिएको)

२०८३ साल श्रावण १ गते देखि २०८३ साल असोज मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु समेटी तयार पारिएको

(स्वतः प्रकाशन)

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

थापाथली, काठमाडौं

२०८३ कात्तिक २७

www.nsonepal.gov.np

१. परिचयः

नेपालमा वैज्ञानिक विधिबाट जनगणना सञ्चालन गर्ने तथा विभिन्न सामाजिक, आर्थिक, जनसाङ्ख्यिक, कृषि, औद्योगिक, व्यापारिक लगायतका क्षेत्रसँग सम्बन्धित तथ्याङ्कहरूको व्यवस्थित सङ्कलन, प्रशोधन, विश्लेषण र प्रकाशन गर्ने उद्देश्यले तत्कालीन जनसंख्या गोश्वारा र औद्योगिक व्यापारिक समाचार सङ्ग्रह अड्डा लाई एकीकरण गरी वि.सं. २००७ साल भदौ ९ गते संख्या विभाग स्थापना गरिएको थियो। उक्त विभागले नेपालको पाँचौं राष्ट्रिय जनगणना (वि.सं. २००९/११) सफलतापूर्वक सञ्चालन गरी मुलुकमा आधुनिक तथ्याङ्क प्रणालीको संस्थागत विकासको आधार तयार गरेको थियो। देशको आर्थिक, सामाजिक तथा विकास व्यवस्थापनका लागि विश्वसनीय तथ्याङ्कको आवश्यकता क्रमशः बढ्दै गएपछि तथ्याङ्कसम्बन्धी कार्यलाई संस्थागत, व्यवस्थित तथा समन्वयात्मक रूपमा सञ्चालन गर्न एक केन्द्रीय निकाय स्थापना गर्नु आवश्यक ठानियो। यसै उद्देश्यले वि.सं. २०१५ साल मंसिर १८ गते तथ्याङ्क ऐन, २०१५ लागू भएको थियो। उक्त ऐनबमोजिम तत्कालीन संख्या विभाग खारेज गरी वि.सं. २०१५ साल पौष १७ गते केन्द्रीय तथ्याङ्क विभाग स्थापना गरिएको थियो। स्थापना पश्चात विभिन्न अवधिमा यो विभाग क्रमशः अर्थ मन्त्रालय, आर्थिक कार्य हेर्ने मन्त्रालय तथा राष्ट्रिय योजना आयोग अन्तर्गत रही राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास, विस्तार तथा सुदृढीकरणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको थियो। संघीय शासन प्रणालीको कार्यान्वयन, सूचना प्रविधि तथा AI को तीव्र विकास तथा तथ्याङ्क उत्पादन, व्यवस्थापन र उपयोगका बदलिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आवश्यकतालाई दृष्टिगत गरी तथ्याङ्क प्रणालीलाई समयानुकूल, आधुनिक, समन्वयात्मक तथा प्रभावकारी बनाउन संघीय संसदबाट तथ्याङ्क ऐन, २०७९ पारित गरी वि.सं. २०७९ साल भदौ २८ गते बाट लागू भयो।

तथ्याङ्क ऐन, २०७९ कार्यान्वयनमा आएसँगै सोही ऐनबमोजिम वि.सं. २०७९ साल असोज २७ गतेदेखि केन्द्रीय तथ्याङ्क विभाग लाई राष्ट्रिय तथ्याङ्क कार्यालयमा रूपान्तरण गरिएको हो। यससँगै साविकमा राष्ट्रिय योजना आयोग अन्तर्गत रहेको केन्द्रीय तथ्याङ्क विभाग हाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहने व्यवस्था गरिएको छ। ऐनबमोजिम कार्यालयको प्रमुखका रूपमा नेपाल प्रशासन सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणी को प्रमुख तथ्याङ्क अधिकारी रहने व्यवस्था गरिएको छ। यस ऐनले राष्ट्रिय तथ्याङ्क प्रणालीलाई समन्वयात्मक, एकीकृत, गुणस्तरीय तथा अन्तर्राष्ट्रिय मापदण्डअनुरूप सञ्चालन गर्ने कानुनी आधार प्रदान गरेको

छ। साथै, आधिकारिक तथ्याङ्कको उत्पादन, व्यवस्थापन, उपयोग तथा प्रसारलाई थप प्रभावकारी, पारदर्शी र उत्तरदायी बनाउने दिशामा यस ऐनले महत्त्वपूर्ण मार्गदर्शन प्रदान गरेको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालय तथा मातहतका कार्यालयहरूको नयाँ संगठन तथा व्यवस्थापन (Organization and Management Survey) स्वीकृत भएसँगै वि.सं. २०८१ साल साउनदेखि देशका १८ स्थानमा तथ्याङ्क समन्वय कार्यालय स्थापना गरी सञ्चालनमा ल्याइएको छ। यसअघि वि.सं. २०८१ साल असार मसान्तसम्म देशका ३३ स्थानमा तथ्याङ्क कार्यालयहरू सञ्चालनमा रहेका थिए। नयाँ संगठन संरचनाले संघीय, प्रादेशिक तथा स्थानीय तहबीच तथ्याङ्कसम्बन्धी कार्यको समन्वय, गुणस्तर अभिवृद्धि तथा आधिकारिक तथ्याङ्क प्रणालीको सुदृढीकरणमा थप प्रभावकारिता ल्याउने अपेक्षा गरिएको छ।

२. कार्यालयको काम, कर्तव्य र अधिकारः

तथ्याङ्क ऐन, २०७९ को दफा २४ अनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

- तथ्याङ्क सम्बन्धी नीति, योजना तथा रणनीतिको मस्यौदा तयार गरी तथ्याङ्क परिषद् समक्ष पेश गर्ने,
- राष्ट्रिय तथ्याङ्क प्रणालीको समुचित विकास, व्यवस्थापन, प्रवर्द्धन तथा सोको लागी अन्तरनिकाय समन्वय गर्ने,
- कार्यालयले संकलन गर्नु पर्ने तथ्याङ्कका लागि गणना, सर्वेक्षण लगायतका अन्य क्षेत्रगत तथ्याङ्क सम्बन्धी कार्यसंचालन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने,
- योजना तर्जुमा तथा नीति निर्धारणका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक तथ्याङ्क उपलब्ध गराउने,
- तथ्याङ्कको स्तर निर्धारण तथा प्रमाणीकरण सम्बन्धी कार्य गर्ने तथ्याङ्क सम्बन्धी अभिलेखको सुरक्षा गर्ने,
- तथ्याङ्क सम्बन्धी विवरण प्रकाशन तथा वितरणको व्यवस्था गर्ने,
- केन्द्रिय तथ्याङ्क (डाटा) बैङ्कको रुपमा कार्य गर्ने,
- सर्वेक्षण अनुमति प्रणाली लागू गर्ने,

- प्रदेश र स्थानीय तहले संकलन गरेको तथ्याङ्क प्राप्त गरी राष्ट्रिय तथ्याङ्क प्रणालीमा आबद्ध गर्ने,
- प्रदेश र स्थानीय तहको तथ्याङ्क प्रणालीको विकासमा सहयोग गर्ने,
- प्रचलित कानून बमोजिम तथ्याङ्क सङ्कलन सम्बन्धी काम गर्ने निकायको तथ्याङ्क सम्बन्धी क्षमता अभिवृद्धिमा सहयोग गर्ने,
- यस ऐन बमोजिम हुने तथ्याङ्क सङ्कलनसँग सम्बन्धित विषयको परीक्षण, अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने,
- तथ्याङ्क सम्बन्धी अध्ययन,अनुसन्धान तथा प्रशिक्षण सम्बन्धी काम गर्ने, र
- नेपाल सरकार वा आयोगले माग गरेको तथ्याङ्क सम्बन्धी विवरण वा सूचना उपलब्ध गराउने।

३. कार्यालयमा रहने कर्मचारीको संख्या र कार्य विवरणः

राष्ट्रिय तथ्याङ्क कार्यालय र मातहत गरी हाल ३९० जना कर्मचारीहरु कार्यरत रहेका छन्। राष्ट्रिय तथ्याङ्क कार्यालयमा १४० जना र विभिन्न जिल्ला स्थित तथ्याङ्क समन्वय कार्यालयहरुमा २५० जना कार्यरत रहेका छन्। राष्ट्रिय तथ्याङ्क कार्यालय र तथ्याङ्क कार्यालयमा रहने कर्मचारीहरुको पद अनुसारको विवरण तल तालिकामा उल्लेख गरिएको छ।

तालिका १: राष्ट्रिय तथ्याङ्क कार्यालय र तथ्याङ्क समन्वय कार्यालयहरुको दरबन्दी

क्र.सं.	पद	सेवा/समूह	श्रेणी	मौजुदा दरबन्दी		
				रा.त.का.	त.स.का.	जम्मा
१	प्रमुख तथ्याङ्क अधिकारी	नेपाल प्रशासन	रा.प.विशिष्ट	१		१
२	उपप्रमुख तथ्याङ्क अधिकारी	ने.आ.यो.त.	रा.प.प्रथम (प्र.)	३		३
	सहसचिव	नेपाल प्रशासन	रा.प.प्रथम	१		१
३	उपसचिव	प्रशासन	रा.प.द्वितीय	१		१
४	उपसचिव	लेखा	रा.प.द्वितीय	१		१
५	निर्देशक	ने.आ.यो.त.	रा.प.द्वितीय	२१	०	२१
६	तथ्याङ्क समन्वय अधिकारी	ने.आ.यो.त.	रा.प.द्वितीय	०	१८	१८
७	शाखा अधिकृत	प्रशासन	रा.प.तृतीय	४	०	४
८	लेखा अधिकृत	लेखा	रा.प.तृतीय	१	०	१
९	तथ्याङ्क अधिकृत	ने.आ.यो.त.	रा.प.तृतीय	५४	१८	७२
१०	कम्प्युटर अधिकृत	विविध	रा.प.तृतीय	५	०	५
११	कम्प्युटर इन्जिनियर	विविध	रा.प.तृतीय	३	०	३


क्र.सं.	पद	सेवा/समूह	श्रेणी	मौजुदा दरबन्दी		
				रा.त.का.	त.स.का.	जम्मा
१२	कानून अधिकृत	न्याय	रा.प.तृतीय	१	०	१
१३	नायब सुब्बा	प्रशासन	रा.प.अनं. प्रथम	४	१८	२२
१४	लेखापाल	लेखा	रा.प.अनं. प्रथम	२	०	२
१५	तथ्याङ्क सहायक	ने.आ.यो.त.	रा.प.अनं.प्रथम	१३	७२	८५
१६	सहलेखापाल	लेखा	रा.प.अनं.द्वितीय	०	१८	१८
१७	गणक	ने.आ.यो.त.	रा.प.अनं.द्वितीय	०	६२	६२
१८	हलुका सवारी चालक		श्रेणी विहिन	९	८	१७
१९	कार्यलय सहयोगी	विविध	श्रेणी विहिन	१६	३६	५२
			जम्मा	१४०	२५०	३९०

४. कार्यालयबाट प्रदान गरिने सेवाः

कार्यालयले नियमित रुपमा सामाजिक, आर्थिक, वातावरणीय तथा अन्य विषयगत क्षेत्रका गणना तथा सर्वेक्षणहरू संचालन गर्ने, राष्ट्रिय लेखाको अनुमान र मूल्य सूचकाङ्कको उत्पादन गर्ने कार्य मुख्य रुपमा गर्दछ। यस कार्यालयले यस्ता गणना तथा सर्वेक्षणहरुबाट प्राप्त नतिजाहरु तयार गरी वितरण तथा प्रसार गर्ने कार्य नियमित रुपमा गर्दै आएको छ।

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुखमा रा.प. विशिष्ट श्रेणीको प्रमुख तथ्याङ्क अधिकारी रहने व्यवस्था छ। यस्तै कार्यालयमा रहेका ३ ओटा प्राविधिक महाशाखामा रा.प.प्रथम श्रेणीको उप-प्रमुख तथ्याङ्क अधिकारी प्रमुख रहने र प्रशासन तथा योजना महाशाखामा प्रशासन सेवाको सहसचिव रहने व्यवस्था छ। कार्यालयमा रहेका २३ ओटा शाखामा निर्देशक/उप सचिवलाई शाखासँग सम्बन्धित कार्यहरुको जिम्मेवारी तोकिएको छ। कार्यालयको पछिल्लो स्वीकृत संगठन संरचना देहाए अनुसार रहेको छ।



चित्र १: राष्ट्रिय तथ्याङ्क कार्यालयको संगठन संरचना

तालिका २: कार्यालय प्रमुख तथा महाशाखा प्रमुखहरु

सि.नं.	कर्मचारीको नाम थर	पद / श्रेणी	जिम्मेवारी	सम्पर्क
१	लक्ष्मी कुमारी बस्नेत	प्रमुख तथ्याङ्क अधिकारी /रा.प.विशिष्ट	कार्यालय प्रमुख	०१-५३२९४०६
२	केशवराज सुवेदी	सहसचिव /रा.प.प्रथम	प्रशासन तथा योजना महाशखा प्रमुख	०१-५३५२४७९
३		उप-प्रमुख तथ्याङ्क अधिकारी /रा.प.प्रथम	राष्ट्रिय लेखा तथा मूल्य तथ्याङ्क महाशाखा	
४	श्री दुण्डीराज लामिछाने	उप-प्रमुख तथ्याङ्क अधिकारी /रा.प.प्रथम	आर्थिक तथ्याङ्क महाशाखा प्रमुख	०१-५३४१८०३
५		उप-प्रमुख तथ्याङ्क अधिकारी /रा.प.प्रथम	सामाजिक तथ्याङ्क महाशाखा	

६. कार्यालयबाट सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

कार्यालयबाट प्रदान गरिने प्रायः जसो सेवाहरु निशुल्क उपलव्ध हुन्छन्। कार्यालयबाट विभिन्न गणना तथा सर्वेक्षणहरुका सूक्ष्म कोरा तथ्याङ्क (Micro Data) तथ्याङ्क नियमावली २०८० को पहिलो संसोधनले निर्धारण गरे अनुसारको दस्तुर लिई उपलव्ध गराउने गरिएको छ। सूक्ष्म कोरा तथ्याङ्कक लिनका लागि सम्बन्धित व्यक्तिले कार्यालयमा तोकिएको ढाँचामा निवेदन दिई तोकिएको दस्तुर नेपाल सरकारको राजश्व खातामा जम्मा गर्नुपर्छ। विभिन्न गणना तथा सर्वेक्षणहरुका नतिजा समावेश भएका प्रतिवेदन कार्यालयबाट पहिलो आउनेलाई दिने नीति अनुसार निःशुल्क वितरण गरिन्छ। मूल्य तोकिएका प्रकाशनहरुको हकमा प्रकाशनको उपलव्धता अनुसार तोकिएको मूल्य तिरेपछी प्रकाशन उपलव्ध गराईन्छ। सेवाग्राहीले माग गरेका सेवाहरु सेवाको उपलव्धता र प्रकृति अनुसार यथाशिघ्र उपलव्ध गराईन्छ।

७. निर्णय गर्ने प्रकृया र अधिकारीः

सेवाग्राहीले आफूले चाहेको सेवाको विषयसँग सम्बन्धित निवेदन कार्यालयमा दिनुपर्छ। प्रचलित नियम कानूनको अधिनमा रही विषयसँग सम्बन्धित शाखाका निर्देशक/अधिकृतले सेवा उपलव्ध गराउँदछन्। कार्यालयका कर्मचारीहरुलाई तोकिएको जिम्मेवारी र अधिकार अनुसार निर्णय गरी सेवाग्राहीलाई सेवा उपलव्ध गराईन्छ। आफ्नो तहबाट निर्णय गर्न नसकिने अवस्थामा निवेदन माथिल्लो तहमा पेश गरी निर्णय लिईन्छ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

कुनै शाखाका निर्देशक/अधिकृतले गरेको निर्णयमा चित्त नबुझेमा सम्बन्धित महाशाखा प्रमुख (सहसचिव/उप-प्रमुख तथ्याङ्क अधिकारी) समक्ष उजुरी गर्न सकिन्छ। महाशाखा प्रमुखले गरेको निर्णयमा समेत चित्त नबुझेमा प्रमुख तथ्याङ्क अधिकारी समक्ष उजुरी दिन सकिनेछ।

९. सूचना प्रकाशनको अवधिमा (आर्थिक वर्ष २०८३/८४ पहिलो त्रैमासिक) भएका मुख्य कार्यहरुः

- ❖ राष्ट्रिय आर्थिक गणना २०८२/८३ को Coding तथा Data Entry कार्यका लागि सुपरिवेक्षक तथा गणक करार गरी सो कार्य भै रहेक,
- ❖ आ.व. २०८२/८३ को चौथो त्रैमासिक मूल्य सूचकाङ्क निर्माण तथा प्रकाशन गरिएको,
- ❖ आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिकको कुल गार्हस्थ्य उत्पादन (Quarterly GDP) तयार गरी सार्वजनिक गरिएको,

- Profiling of Multidimensional Deprivation among Children in Nepal 2026 को प्रकाशन गरिएको,
- कार्यालयको वार्षिक प्रतिवेदन तयारी तथा सार्वजनिकीकरण गरिएको,
- Population Atlas of Nepal सार्वजनिक गरिएको,
- सहकारी क्षेत्रको अध्ययन तथा सर्वेक्षणको विभिन्न चरणमा हुने (Data Cleaning and Editing ,Data Validation, नतिजा प्रतिवेदन तयारी कार्यशाला गोष्ठी गरिएको,
- दुईवटा सर्वेक्षणहरूको सर्वेक्षण अनुमति दिएको र एक सर्वेक्षणको प्रमाणीकरण गरिएको,
- चालु आ.व. मा सञ्चालन गर्न प्रस्तावित सर्वेक्षणहरुको तयारी कार्य गरिएको,
- Compendium of Environment Statistics Nepal 2026 प्रकाशन गरिएको,
- नेपाल श्रमशक्ति सर्वेक्षण २०८२-८३ को स्थलगत तथ्याङ्क संकलन कार्य गरिएको,
- चलु आ.व.को मूल्य सूचकाङ्क सम्बन्धी नियमित कार्य गरिएको,
- तथ्याङ्कीय क्रियाकलाप सम्बन्धी विभिन्न कार्यशाला, गोष्ठी, तालिम संचालन गरिएको,
- कार्यालयको तथ्याङ्कीय प्रकाशनहरुको वितरण तथा प्रसार सम्बन्धी कार्य गरेको,
- आ. व. २०८३/८४ को पहिलो त्रैमासिकमा हेलो सरकारमा प्राप्त ११ वटा गुनासोउपर आवश्यक कारबाही गरिएको।

१०. कार्यालयका प्रमुख, प्रवक्ता र सूचना अधिकारीको नाम र पदः

प्रमुखः श्री लक्ष्मी कुमारी बस्नेत (प्रमुख तथ्याङ्क अधिकारी/रा.प.विशिष्ट) सम्पर्क नं ०१-५३२९४०६

प्रवक्ताः श्री ढुण्डीराज लामिछाने (उप प्रमुख तथ्याङ्क अधिकारी/रा.प.प्रथम) सम्पर्क नं ०१-५२५५०१७

सूचना अधिकारीः श्री पूर्ण बहादुर घर्तीमगर (निर्देशक/रा.प.द्वितिय) सम्पर्क नं ०१- ५३४५९१३

११. कार्यालयसँग सम्बन्धित ऐन, नियम, नियमावली निर्देशिकाको सूचीः

- तथ्याङ्क ऐन, २०७९
- तथ्याङ्क नियमवाली, २०८०
- केन्द्रीय तथ्याङ्क विभागको कार्यविधि, २०६४
- कार्यक्रम तर्जुमा तथा सञ्चालन मार्गदर्शन २०८१
- तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीगत, दोस्रो २०८१/८२
- तथ्याङ्क प्रणाली विकासको लागि राष्ट्रिय रणनीति दोस्रोको कार्यान्वयन कार्ययोजना
- तथ्याङ्क सार्वजनिक, सम्प्रेषण तथा वितरण कार्यविधि, २०८२

- ❖ अन्तर निकाय तथ्याङ्क कार्य समूह कार्यविधि -२०८२
- ❖ तथ्यङ्क सङ्कलन, नमुना छनोट, विश्लेषण तथा सम्परीक्षण सम्बन्धी कार्यविधि, २०८३

१२. कार्यालयको आर्थिक वर्ष २०८३/८४ को प्रथम त्रैमासिक सम्मको बजेट र प्रगतिः

क. वित्तीय प्रगति (वार्षिक बजेट र खर्चको प्रगति विवरण) (रकम रु. हजारमा)

किसिम	बजेट उपशीर्षक नम्बर	आयोजना/कार्यक्रम नाम	विनियोजित बजेट	खर्च रकम	खर्च प्रगति प्रतिशत
चालु	३०१०८०११३	राष्ट्रिय तथ्याङ्क कार्यालय	३२४०८६.१५८	६१३९१.८५५२२	१८.९४
पूँजीगत	३०१०८०११४	राष्ट्रिय तथ्याङ्क कार्यालय	७३००	२८३.४६०	३.८८
जम्मा			३३१३८६.१५८	६१६७५.३१५	१८.६१

१३. कार्यालयको वेबसाइटः

- राष्ट्रिय तथ्याङ्क कार्यालयको वेबसाइट: https://nsonepal.gov.np/
- राष्ट्रिय जनगणना २०७८ सँग सम्बन्धित सूचना र जनगणनाको नतिजाका लागि निम्न वेबसाइट समेत हेर्न सकिने छः https://censusresults.nsonepal.gov.np/
- राष्ट्रिय आर्थिक गणना २०८२ सँग सम्बन्धित सामग्रीका लागि निम्न वेबसाइट हेर्न सकिने छः https://ec.nsonepal.gov.np
- गणना तथा सर्वेक्षणहरुको अभिलेखीकरणसँग सम्बन्धित सामग्रीका लागि निम्न वेबसाइट हेर्न सकिने छः https://microdata.nsonepal.gov.np/

१४. कार्यालयमा परेका सूचना मागसम्बन्धी निवेदन र सोउपर सूचना दिएको विवरणः

२०८३ साल साउन देखि असोज मसान्तसम्म कार्यालयमा सूचना माग सम्बन्धी लिखित कुनै निवेदन प्राप्त नभएको। टेलिफोन मार्फत मौखिक रुपमा तथ्याङ्क सम्बन्धी विभिन्न सूचनाहरु माग गर्ने गरेकोमा मागकर्ताहरुलाई उपलव्ध भएका तथ्याङ्कहरुको बारेमा समयमै जानकारी दिइएको। साथै कार्यालयमा उपलव्ध प्रकाशनहरु सेवाग्राहिहरूलाई समय मै उपलव्ध गराईएको। त्यसैगरी माग Online बाट तथा भौतिक रुपमा प्रप्त भएका सुक्ष्म कोरा तथ्याङ्कको माग अनुसार आवश्यक प्रकृया पुरागरी प्रदान गरिएको।

१४. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरणः

यस राष्ट्रिय तथ्याङ्क कार्यालयले मुख्य रुपमा गणना तथा सर्वेक्षणहरुको विश्लेषणबाट विभिन्न नतिजाहरु नियमित रुपमा सार्वजनिक गर्ने गरेको छ र यी प्रतिवेदनहरु कार्यालयको वेबसाइट र कार्यालयबाट सञ्चालित पोर्टलहरुमा उपलव्ध छन्। यी नतिजाहरु वा प्रकाशित तथ्याङ्कहरु सरकारी तथा गैरसरकारी विभिन्न निकायहरुले आ-आफ्ना प्रकाशनमा समावेश गर्ने गरेका छन्।

१५. सम्पर्क ठेगानाः

राष्ट्रिय तथ्याङ्क कार्यालय

थापाथली, काठमाडौं

फोन नं: ०१-५३४५९१३, ५३२९४०६

ईमेलः info@nsonepal.gov.np